# लालझाडी गाउँपालिका

# लालझाडी राजपत्र

**खण्ड ९ संख्या १ मिति २०८२ साल बैशाख ३१ गते**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८२।०१।२४**

## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ;

संवत्  २०८२ को कार्यविधि नं. १

**प्रस्तावनाः** आगलागी नियन्त्रणको लागि आवश्यक यन्त्र, उपकरणको व्यवस्था गरी सेवा प्रदान गर्नुपर्ने अवस्थामा बारुण यन्त्र तथा आवश्यक व्यवस्थापनमा एक भन्दा बढी

स्थानीय तहको सहभागिताको आधारमा बारुणयन्त्र सञ्चालन र व्यवस्थापन गर्न तथा सञ्चालनको व्यवस्थालाई भरपर्दो, प्रभावकारी र विश्वसनीय बनाउन वाञ्छनीय भएकोले, **अन्तर स्थानीय तह बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२** तर्जुमा गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम अन्तर तह बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि सम्बन्धित स्थानीय तहहरुको कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ।

(३) यो कार्यविधि बेलौरी नगरपालिका र लालझाडी गाउँपालिकाका भित्र लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “स्थानीय तहहरु” भन्नाले बेलौरी नगरपालिका र लालझाडी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) “बारुण यन्त्र” भन्नाले आगलागी नियन्त्रणको लागि प्रयोगमा ल्याईने मेशिनरी उपकरणलाई सम्झनु पर्छ ।

(ग) “समन्वय समिति” भन्नाले बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि गठित अन्तर स्थानीय तह समन्वय समिति सम्झनु पर्छ ।

(घ) “अनुदान” भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबाट उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदानको रकम समेत सम्झनु पर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले नगरपालिकाको हकमा नगर कार्यपालिका र गाउँपालिकाको हकमा गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(च) “पदपुर्ति समिति” बारुणयन्त्र सञ्चालनको लागि कर्मचारी छनौटको लागि गठित समितिलाई सम्झनुपर्छ ।

३. **कार्यक्षेत्रः** बारुणयन्त्रको व्यवस्थापन, सञ्चालन मर्मत सम्भार तथा आवश्यक परेको बखतमा आगलागी नियन्त्रण गर्ने गरी बेलौरी नगरपालिका र लालझाडी गाउँपालिका हुनेछ । तर आवश्यक परेको बखतमा अन्य निकायमा सेवा पुर्याउन बाधा पर्ने छैन ।

## परिच्छेद—२
## सेवा सञ्चालन

**४. बारुण यन्त्र सेवा सञ्चालन तथा व्यवस्थापनः** (१) अन्तर स्थानीय तह बिचको समन्वयमा बारुण यन्त्र सेवा सञ्चालन तथा व्यवस्थापन गरिनेछ । जसको लागि,

(क) स्थानीय तहबाट लागत सहभागिता जुटाई नेपाल सरकार वाप्रदेश सरकारको अनुदानमा बारुणयन्त्र खरिद तथा सञ्चालन गरिनेछ ।

(ख) खण्ड (क) बमोजिम बारुण यन्त्र प्राप्त गर्न नसकेको खण्डमा नगरपाकि तथा गाउँपालिकाको बार्षीक कार्यक्रम भित्र समावृेश गरी बारुणयन्त्र खरिद तथा सञ्चालनको व्यवस्था मिलाउन सकिनेछ ।

(ग) बारुण यन्त्र दुवै स्थानीयतहको पायक पर्ने स्थानमा राखीनेछ ।

(२) बारुण यन्त्रको व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई एकीकृत तवरबाट अघि बढाउन देहाय बमोजिमको एक वारुणयन्त्र व्यवस्थापन समन्वय समिति रहनेछ ।

(क) नगर प्रमुख बेलौरी नगरपालिका —संयोजक

(ख) अध्यक्ष लालझाडी गाउँपालिका —सदस्य

(ग) उप प्रमुख बेलौरी नगरपालकिा —सदस्य

(घ) उपाध्यक्ष लालझाडी गाउँपालिका —सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत(बेलौरी नगरपालिका) —सदस्य

(च) प्रमुख प्रशासकिय अधिकृत (लालझाडी गाउँपालिका) —सदस्य

(छ) लालझाडी गाउँपालिका विपद शाखा प्रमुख —सदस्य

(ज) बेलौरी नगरपालिका विपद शाखा प्रमुख —सदस्य सचिब

समन्वय समिति बैठकमा जिल्ला प्रशासन कार्यलयको प्रतिनिधिलाई र सम्बन्धित क्षेत्रका सुरक्षा निकायका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समन्वय समितिको बैठक कम्तिमा वर्ष को ३ पटक बस्नेछ । तर आवश्यक परेको खण्डमा जुनसुकै बेलापनि बस्न सक्नेछ ।

(४) समन्वय समितिको कामकर्तव्य र अधिकार

(क) बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि बार्षिक बजेट तथा कार्यक्रम बनाई आ—आफ्नो स्थानीय तहबाट स्वीकृत गराउने

(ख) बारणयन्त्र सञ्चालनलाई व्यवस्थीत र प्रभावकारी बनाउन सुरक्षा लगायत विभिन्न सरकारी निकाय र सघं सस्थासँग समन्वय गर्ने ।

(५) बारुण यन्त्र व्यवस्थापन कार्यलाई सहज बनाउन देहाय बमोजिमको अन्तर स्थानीय तह बारुण यन्त्र सञ्चालन समिति गठन गरिनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत (बेलौरी नगरपालिका) —संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत (लालझाडी गाउँपालिका) —सदस्य

(ग) विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख (लालझाडी गाउँपालिका) —सदस्य

(घ) दुवै पालिकाका लेखा प्रमुख —सदस्य

(ङ) लालझाडी गाउँपालिका विपद शाखा प्रमुख — सदस्य

(च) विपद् व्यवस्थापन शाखाको शाखा प्रमुख (बेलौरी नगरपालिका) —सदस्य सचिव

यस समितिको बैठक कम्तमि दुई महिनामा एक पटक र आवश्यकताअनुसार बस्न सक्नेछ ।

(६) अन्तर स्थानीय तह समन्वय समितिको समन्वय रपरामर्शमा बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि बार्षि बजेट तथा कार्यक्रम बनाउनु पर्नेछ ।

(७) अन्तर स्थानीय तह समन्वय समितिले बारुणयन्त्रको सञ्चालनलाई प्रभावकारी बनाउन नेपाल प्रहरी, सशस्त्र प्रहरी, वा अन्य सरकारी निकाय वा सघं सस्थासँग आवश्यक समन्वय गर्नेछ ।

**५. अन्तर स्थानीयतह समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

(क) बारुणयन्त्र सञ्चालन लागि बार्षि बजेट तथाकार्यक्रम बनाई समन्वय समितिमा पेश गर्ने,

(ख) बारुण यन्त्र तथा जनशक्तिलाई प्रभावकारी ढंगले परिचालनको व्यवस्था मिलाउने,

(ग) विभिन्न सरकारी निकाय र सघं सस्थाहरुसगं आवश्यक समन्वयगर्ने ,

६. समितिहरुको बैठक दुवै स्थानीयतहमा आलोपालो गरी बस्नेछ ।

७. समितिको निर्णयहरु सर्वसम्मत आधारमा गरिनेछ ।

८. समितिहरुको बैठक भत्ता प्रचलित नियमानुसार हुनेछ ।

## परिच्छेद—३
## कोष सम्बन्धी व्यवस्था

९. **कोष व्यवस्थापनः** (१) स्थानीय तहहरुको विपद व्यवस्थापनको लागि एक अन्तर स्थानीय तह बारुण यन्त्र सञ्चालन कोष रहनेछ । जसमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

लालझाडी गाउँपालिका

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान रकम.

(ख) स्थानीय तहहरुबाट समग्र विपद् व्यवस्थापन तथा बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापनको लागि बिनियोजि रकम,

(ग) राष्ट्रिय तथा अन्तरराष्ट्रिय सघं संस्था, चन्दा दाताहरुबाट प्राप्त रकम,

(२) कोष सञ्चालन गर्न पहिलोपटकको लागि दुवै स्थानीय तहबाट रु. पचासी लाख बराबरको कोष खडा गरिनेछ र प्रत्येक आर्थिक बर्षमा आवश्यकता अनुसार रकम जम्मा गर्नु पर्ने छ ।

(क) बेलौरी नगरपालिका रु.५५ लाख २५ हजार

(ख) लालझाडी गाउँपालिका रु. २९ लाख ७५ हजार

(३) कोषको रकम नेपाल राष्ट्र बैकद्धारा “क” वा “ख” वर्गको इजाजत प्राप्त कुनै पनि बैंकमा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको संचालन बेलौरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, लालझाडी गाउँपालिकाको प्रमुख प्रशासकीय

अधिकृत, बेलौरी नगरपालिकाको लेखा अधिकृत वा सहायक को संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषबाट विपद् व्यवस्थापनका अन्य क्रियाकलापका अतिरिक्त विशेष गरी बारुणयन्त्र खरिद, सञ्चालन तथा व्यवस्थापन, नियमित मर्मत सम्भार बारुणयन्त्र सेवातर्फ कार्यरत कर्मचारीहरुको तलब,भत्ता बैठक भत्ता तथा अन्य सुविधा र आगलागी नियन्त्रणका लागि आवश्यक अन्य सामाग्रीहरु खरिद तथा मर्मत सम्भारमा खर्च गर्न गरिनेछ ।

(५) कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

(६) कर्मचारीहरुको तलब , मर्मत र  दमकललाइ आवश्यक पर्ने उपकरण सरसमानमा दुवै पालिकाको समझदारी बमोजिम संयुक्त लागत सहभागीता हुने छ ।

## परिच्छेद —४
## जनशक्ति व्यवस्थापन र पदपुर्ति

**१० जनशक्ति व्यवस्थापनः**(१) हाल बेलौरी नगरपालिकामा बारुणयन्त्र संचालन लागि मौजुदा जनशक्तिबाट नै तालिम दिइ व्यवस्थापन गरिनेछ ।

(२) बारुणयन्त्र तर्फ कर्मचारी भर्ना गर्दा स्थानीय तहहरुलाई दीर्घकालिन दायित्व सिर्जना नहुने गरी करार सेवामा सेवा करार गरी लिईनेछ ।

(३) कर्मचारीलाई दिने सेवा सुविधा र काम गर्ने समय करारनामा मा तोकिए बमोजिम हुनेछ ।

(४) बारुणयन्त्र अत्यावश्यक सेवाभित्र पर्ने भएको र बारुणयन्त्र सञ्चालनको लागि प्रविधिक क्षमताको आवश्यकता पर्ने भएकाले कर्मचारीको व्यवस्थापन गर्दा न्यनतम जनशक्तिको व्यवस्थालाई मध्यनजर गरी अनावश्यक तथा बोझिलो खर्च नपर्ने गरी जनशक्ति व्यवस्थापन गरिनेछ ।

**११ पदपुर्ति समितिः** बेलौरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा दुवै पालिकाका प्रमुख प्रशासकीय अधिकृत सदस्य, लालझाडी विपद शाखा प्रमुख सदस्य र बेलौरी विपद् शाखा प्रमुख एक जना सदस्य रहने कर्मचारी पदपुर्ति समिति हुनेछ । उक्त

बैठकमा विषय विज्ञलाई आमन्त्रित गर्न सकिने छ ।

**१२ पदपर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) पदपुर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) यस कार्यविधि बमोजिम आवश्यक कर्मचारी दरबन्दी समन्वय समितिको बैठकले निधारण गर्नेछ ।

(ख) पदपूर्ति हुने पदको पाठयक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्य तालिम बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतीजा प्रकाशन गर्ने ।

(छ) नियुक्ति गर्ने ।

(२) पदपूर्ति समितिले पदपर्तिका समबन्धमा अन्य आवश्यक कुराहरु आफै निर्धारण गरी कार्यान्वयन गर्न सक्नेछ ।



लालझाडी गाउँपालिका

## पच्छिेद — ५
## विविध

**१३ संशोधन र हेरफेरः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध आएमा समन्वय समितिले आवश्यक संशोधन हेरफेर गर्न सक्नेछ । सशोधन तथा हेरफेर गरिएको विषयलाई सम्बन्धित स्थानीय तहहरुको कार्यपालिकाबाट स्वीकृत यरायनु पर्नेछ ।

आज्ञाले
राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

लालझाडी गाउँपालिका